का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ जेठ २०८१,
मंगलबार
11 June 2024,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ११९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सत्तारुढलाई धक्का
# माओवादीमा फ्लोर क्रस

संघीय सत्तागठबन्धनमा रहेका दलहरु गण्डकी प्रदेशमा आफू अनुकूलको सरकार बनाउन असफल भएका छन् । संघीय सरकारको नेतृत्वमा रहेको माओवादी केन्द्रकै सांसदले फ्लोर क्रस गरेर कांग्रेस नेतृत्वमा सरकार बनाउन सघाएपछि संघीय सत्तारुढलाई धक्का लागेको हो ।



गण्डकी प्रदेश सभा बचाउनु मेरो दायित्व सम्झेर मैले पार्टी केन्द्र र प्रदेशको निर्णय मुताविक मत दिएको हुँ ।

**फणिन्द्र देवकोटा**
**प्रदेश सभा सदस्य**
**गण्डकी**



**शिव विक / मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएका छन् ।

प्रदेशसभामा उनले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ३१ मत पऱ्यो भने विपक्षमा २८ मत परेको छ ।

पाण्डेलाई कांग्रेसका २७, राप्रपाका २, स्वतन्त्र सांसद राजीव गुरुङ र माओवादीबाट चुनाव लडेका नेसपा सांसद फणिन्द्र देवकोटाले मत दिएका हुन् । विपक्षमा एमालेका २२ र माओवादीका ६ प्रदेशसभा सदस्यको मत परेको थियो ।

देवकोटा माओवादीबाट चुनाव लडेर निर्वाचित भएको भएतापनि उनले फ्लोर क्रस गर्दै मुख्यमन्त्रीलाई विश्वासको मत दिएपछि पाण्डेले विश्वासको मत पाएका हुन् ।

देवकोटाले आफू माओवादीको संसदीय दलमा नरहेर नेसपाकै प्रदेशसभा सदस्यको हैसियतमा रहेको दाबी गर्दै आएका छन् । उनकै फ्लोर क्रसका कारण संविधानको धारा १६८ (३) बमोजिम सर्वोच्च अदालतको आदेशबाट मुख्यमन्त्री नियुक्त भएका पाण्डेको पद जोगिएको हो ।

६० सदस्यीय प्रदेश सभामा पाण्डेले विश्वासको मत प्राप्त गर्न ३१ मत आवश्यक थियो । सोहीअनुसार उनले मत पाए । देवकोटा मुख्यमन्त्रीको पक्षमा मतदान गर्न गएपछि एमाले र माओवादीका सांसदले नाराबाजी समेत गरेका थिए । तर, पाण्डेलाई विश्वासको मत पुग्न नदिने नीति तत्कालका लागि असफल हुन पुगेको छ ।

अब फ्लोर क्रस गर्ने देवकोटालाई कारबाही गरेता पनि पाण्डेलाई राप्रपाले साथ दिँदा विश्वासको मत पुग्छ । देवकोटा कारबाहीमा परे ५९ सदस्य प्रदेश सभा हुन्छ । जसको बहुमतका लागि ३० सांसद चाहिन्छ । जो कांग्रेसका पाण्डेसँग सुरक्षित रहनेछ ।

यो सँगै संघीय सत्तागठबन्धनमा रहेका दलहरु गण्डकी प्रदेशमा आफू अनुकुलको सरकार बनाउन असफल भएका हुन् । संघीय सरकारको नेतृत्वमा रहेको माओवादी केन्द्रकै सांसद देवकोटाले फ्लोर क्रस गरेर कांग्रेस नेतृत्वमा सरकार बनाउन सघाएपछि संघीय सत्तारुढलाई धक्का लागेको हो ।

>>> पृष्ठ २ मा

# उपभोक्तालाई नछुने तथ्यांक !

**मनीषा अवस्थी / मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

चालू आर्थिक वर्षका पछिल्ला महिनामा उपभोक्ता बजार सस्तिएको देखिएको छ । मुद्रास्फीति अर्थात् औसत बजार महंगीको आँकडा निरन्तर ओह्रालो देखिएको छ । तर, उपभोक्ताले अनुभुत भने गर्न पाएका छैनन् । दैनिक अत्यावश्यक वस्तुको मूल्यमा पुरानै मूल्य तिरिरहनुपरेको गुनासो उपभोक्ताको छ । यो अवधिमा खाद्य तथा पेय पदार्थमा निरन्तर बढेको तथ्यांक छ भने गैह्र खाद्य वस्तु तथा सेवामा ह्वात्तै घटेको देखिन्छ ।

यसैका कारण औसत मुद्रास्फीति घटे पनि उपभोक्ताको तहमा कुनै प्रभाव नपरेको अर्थशास्त्री डा. चन्द्रमणि अधिकारी बताउँछन् । उनले भने, 'औसत मूल्य घटेको वा बढेको खास अर्थ बजारमा पर्दैन । त्यसमाथि हाम्रो सर्वे गर्ने तरिका नै गलत छ । कुनै एक बजारको मूल्यलाई मानक मानिन्छ । उपभोक्ताले त्यो भन्दा निकै महंगोमा खरिद गर्नुपर्छ ।

अर्थशास्त्रको सिद्वान्तअनुसार कुनै पनि देशका जनताले दैनिक तथा आवधिक रूपमा उपभोग गर्ने वस्तु र सेवाहरूको औसत मूल्यस्तरमा निरन्तर भएको मूल्यवृद्धिको अवस्थालाई मुद्रास्फीति हो । अर्थात् बजारमा बढेको वा घटेको महंगी भनेको यही हो । नेपाल राष्ट्र बैंकले हरेक महिना निकाल्ने तथ्यांकका आधारमा बजार कस्तो छ भन्ने विश्लेषण गर्ने गरिन्छ । तर, नेपाल राष्ट्र बैंकले निकाल्ने मुद्रास्फीतिको तथ्यांकले बजारको वास्तविकता मापन गर्न नसकेको स्वयं राष्ट्र बैंकका अधिकारीहरू स्वीकार गर्छन् ।

### निरन्तर घटेको तथ्यांक

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्षका पछिल्ला महिनामा औसत मुद्रास्फीति अर्थात् मूल्य बृद्धिको चाप घट्दै गएको देखिन्छ । तथ्यांकअनुसार बैशाख महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रस्फीति ४ दशमलव ४० मा कायम रहेको छ । तथ्यांकअनुसार गत वर्षको बैशाखमा यस्तो मुद्रास्फीति ७ दशमलव ४१ प्रतिशत कायम भएको थियो । यो तथ्यांकले गत वर्षको सोही महिनाको तुलनामा करिब आधाले महंगी घटेको देखिन्छ ।

चालू आर्थिक वर्षको पहिलो महिना अर्थात् साउनमा यस्तो औसत मुद्रास्फीति ७ दशमलव ५२ प्रतिशत थियो । दोस्रो महिना भदौमा अझैं बढेर ८ दशमलव १९ मा कायम थियो ।

>>> पृष्ठ २ मा

**डा. चन्द्रमणि अधिकारी, अर्थशास्त्री**



मुद्रास्फीतिको औसत तथ्यांकले उपभोक्ताको खास मूल्य बोल्दैन । अहिले पनि उपभोक्ताले दैनिक उपभोग गर्ने बस्तु तथा सेवाको मूल्यमा कमी आएको देखिदैन । खाद्यान्ह, फलफूल माछामासु लगायतको मूल्य बढिरहदा राष्ट्र बैंकको औसत तथ्यांक उपभोक्ताले अनुभुत गर्ने त कुरै भएन नि । सरकार र जिम्मेवार निकायले यही तथ्यांकलाई आधार मानेर बजार मूल्य घटेको वा बढेको त भन्छन्। तर, उपभोक्ताले बुझ्ने गरी भन्न सक्दैन यो कमजोरी नै हो । अनि सरकारमा रहेका मन्त्री वा प्रधानमन्त्री आफूले जस लिनका लागि पनि सानो अंकको तथ्यांक देखाउँछन् । तर, के मन्त्री वा प्रधानमन्त्रीले गर्दा मूल्य घटेको हो त ? त्यसो होइन, आयातमा निर्भर देश नेपालमा आयात लागत घट्यो भने मूल्य घट्ने हो। यो कुरा उपभोक्तलाई बुझाइदैन ।

अर्को महत्वपूर्ण कुरा हाम्रो सर्वे गर्ने तरिका नै ठिक छैन । डालोमा दश वर्ष पहिलो जे थियो त्यही बस्तु तथा तथा सेवा रहेको छ । अहिलेको बजार, उपभोक्ता रुची र कारोबार नै फरक छ। यो त मिल्दै मिल्दैन। त्यस कारण नेपाल राष्ट्र बैंकले बजार मूल्यमा कमी आएको देखाए पनि यथार्थमा त्यो होइन ।

## वैदेशिक रोजगार विशेष

# ललितपुरमा श्रमाधान रोजगार मेला हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबारदेखि ललितपुरमा 'श्रमाधान रोजगार मेला' आयोजना गर्दै छ । दुई दिनसम्म चल्ने मेलाको शिक्षा, विज्ञापन तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले उद्घाटन गर्ने तयारी रहेको मन्त्रालयले जनाएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) सम्मेलनमा भाग लिन जेनेभा गएका कारण शिक्षामन्त्री श्रेष्ठले मेलाको उद्घाटन गर्ने भएकी हुन् । मेलाको विषयमा जानकारी दिन सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका उपसचिव एवम् बागमती प्रदेशको श्रमाधान रोजागर मेलाका संयोजक डम्बर सुनुवारले रोजगारीको खोजीमा रहेका युवाका लागि श्रमाधान रोजगार मेला महत्वपूर्ण रहेको बताए । उनले मेलाले तत्काल रोजगारी दिने मात्रै नभएर ज्ञान, सीप आर्जन गरेका युवालाई सीपको निखारता ल्याउने बताए ।

त्यस्तै नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष सूर्यबहादुर कँडेलले दैनिक वैदेशिक रोजगारीमा जाने युवा शक्तिलाई नेपालमा नै रोजगारीको अवसरको सम्भावना देखाउन मेला महत्वपूर्ण भएको बताए ।

ललितपुरस्थित पाटन बहुमुखी क्याम्पसमा मंगलबार बिहान ११ बजे मेलाको उद्घाटन गरिने मन्त्रालयले जनाएको छ । मेलाको संयोजन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, होटल एशोसियसन नेपाल, नेपाल तालिम तथा रोजगार व्यवसायी र नेपाल घरेलु तथा साना उद्योग महासंघले गर्नेछन् । मेला बुधबारसम्म सञ्चालन हुनेछ । मेलामा ८० वटा निजी तथा सरकारी क्षेत्रका स्टल रहनेछन् ।

उता सोमबार सम्पन्न सुदूरपश्चिम प्रदेशको श्रमाधान रोजगार मेलामा रोजगारीका लागि चार हजार बढीको आवेदन परेको छ । मेलामा ११ सय ३३ जना रोजगारीका लागि छनोट भएका छन् । मेलामा ४ हजार एक सय ६६ जनाले रोजगारीको लागि आवेदन दिएका छन् । मेलामा १० हजार बढीले अवलोकन गरेको आयोजकले जानकारी दिएको छ ।

## संघका अध्यक्ष भण्डारी एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको सचिवमा विजयी



**काठमाडौं / मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी नेकपा एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको सचिव पदमा विजयी भएका छन् । अध्यक्ष भण्डारी पूर्वअध्यक्ष रोहन गुरूङलाई हराउँदै सचिवमा विजयी भएका हुन् । सोमबार सम्पन्न मतदानमा भण्डारीले १ सय २४ र पराजित गुरूङले ५० मत पाए ।

गत शनिबार काठमाडौंको मल्ल होटलमा आयोजित अधिवेशनको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेका थिए । उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको बन्दसत्र शनिबार नै भएपनि कार्यसमितिमा आकांक्षी धेरै देखिएपछि निर्वाचन भएको हो । अध्यक्षमा यज्ञप्रसाद तिवारी र गोविन्दप्रसाद धिमिरेको मत बराबर भएको छ । उपाध्यक्षमा माधव भट्टराई र उपसचिवमा जीवन थापा मगर विजयी भएका छन् ।


## हार्दिक समवेदना



जन्म मिति
२०२६/०१/०४

स्वर्गारोहण मिति
२०८१/०२/१७

स्व. सुनिता कुमारी देव

यस प्रा.लि.मा कार्यरत श्री निरज पोदार (देव)की ममतामयी माता
सुनिता कुमारी देवको
२०८१ जेठ १७ गते ५५ वर्षको उमेरमा
असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

Trendway International Pvt. Ltd. ट्रेन्डवे इन्टरनेशनल प्रा.लि. परिवार
मध्य बानेश्वर, काठमाडौं, नेपाल

मध्यान्ह
राष्ट्रिय दैनिकको
अनलाइन संस्करण

www.madhyanhadaily.com
नयाँ स्वरुपमा हेर्न नछुटाउनुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com



# नेकपा एमाले अर्घाखाँचीको अध्यक्षमा पुनः भुसाल निर्वाचित

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ जेठ

नेकपा एमाले अर्घाखाँचीको अध्यक्षमा पुनः पिताम्बर भुसाल निर्विरोध निर्वाचित भएका छन् । एमालेको नवौं जिल्ला अधिवेशनबाट भुसाल पुनः अध्यक्षमा निर्वाचित भएका हुन् । यस्तै अधिवेशनबाट उपाध्यक्ष मा शम्भुप्रसाद पोखेल र सचिवमा तोज बहादुर रायमाझी निर्वाचित भएको नेकपा एमाले अर्घाखाँचीले जनाएको छ ।

अधिवेशनमा प्रतिनिधि, आयोजक गरी ५ सय ६२ जना प्रतिनिधिमध्ये ५३२ प्रतिनिधि मतदानमा सहभागी भएको निर्वाचन समितिका अध्यक्ष केवी भुसालले जानकारी दिए । उपाध्यक्षमा निवर्तमान उपसचिव पोखेल र पूर्वप्रदेश कमिटी सदस्य प्रेमनारायण गैरेको उम्मेदारी परेको थियो । उपाध्यक्षमा निर्वाचित पोखेलले ३ सय २४ मत पाउँदा नेता गैरेले १ सय ९९ मत प्राप्त गरे ।

उपसचिव खुला पदमा भूमिकास्थान-१० का खगेश्वर पन्थी र सन्धिखर्क-१ का श्रीकृष्ण भुसालको उम्मेदवारी परेको थियो । जसमा पन्थी ३ सय १४ मत ल्याएर निर्वाचित भए । पराजित भुसालले १ सय ८९ मत प्राप्त गरे । महिला उपसचिवमा शिवकला बिक र शितगंगा नगरपालिकाकी उपप्रमुख गीता भाट क्षेत्रीको उम्मेदवारी परेको थियो ।



जसमा विक ३ सय ४८ मत ल्याएर विजयी हुँदा भाटले १ सय ४९ मत प्राप्त गरिन् ।

सन्धिखर्क महिला सदस्य पदमा कमला खनाल भण्डारीले सबैभन्दा बढी मत प्राप्त गरिन् । यस्तै महिला सदस्यमा दीपा आचार्य, देवी थापा भुसाल, मिश्रा आचार्य पनि निर्वाचित भए । यस्तै खुला सदस्यतर्फ रामबहादुर रायमाझी, मोतीजंग रायमाझी, लक्ष्मण पराजुली, लक्ष्मी नारायण चुदाली, नारायण बहादुर बस्याल, श्रीधर महत्रा क्षत्री, हिमबहादुर जिसी लेकाली र भारत न्यौपाने निर्वाचित भएका छन् । सन्धिखर्क नगरपालिकाबाट ८ जना सदस्य खुला पदका लागि २३ जनाको उम्मदवारी परेको थियो ।

यस्तै सन्धिखर्कको युवा महिलामा सिर्जना आचार्य निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । अर्घाखाँची जिल्लाका पाणिनी, भूमिकास्थान, शितगंगा, छत्रदेव र मालारानीमा भने सदस्यहरु सर्वसम्मतरुपमा चयन भएका छन् । सर्वसम्मत हुने सदस्यहरुमा कृष्णप्रसाद श्रेष्ठ, युवराज श्रेष्ठ, कृष्ण बहादुर भुसाल, सुष्मा श्रेष्ठ, कमल भट्टराई, सुनिता भट्टराई, लक्ष्मी गौतम, सूर्यबहादुर केसी, कमल घिमिरे, गोविन्दबहादुर क्षेत्री, लक्ष्मण नेपाली, पार्वता बिक, राधिका गैरे, रेशम थापा, जगत खड्का, राजकुमार श्रेष्ठ, मणि पौडेल, ऋषि खनाल, रुद्रवीर थापा, रामचन्द्र ढुंगाना, रुद्रबहादुर बिक, रुपा पाण्डे खनाल, सुमित्रा भुसाल, रामहरि खनाल, राज कुमार श्रेष्ठ, राम मणि खनाल, पवित्रा कुमारी श्रेष्ठ, वासुदेव पाण्डे, दिल बहादुर बिक, मिना परियार, दुर्पता न्यौपाने, चुमा गाहा, दुर्गा बहादुर बिसी, ऋषिराम घिमिरे, गोपल बिष्ट, धन बहादुर राना, बलिभद्र पाण्डे, राधा क्षेत्री र गोपाल बिष्ट निर्वाचित भएका छन् । त्यसैगरी कमल बेल्वासे, ऋषि बहादुर रेश्मी, चुरा बहादुर बिश्वकर्मा, हेमकला बिक, खुवीराम आचर्य, महमद मिया, फिरोज खान, सपिना निसालगाएतका नेताहरु निर्विरोध निर्वाचित भएको र उनीहरुलाई सोमबार पद तथा गोपनीयताको शपथ गराइएको छ ।

नेकपा एमाले अर्घाखाँचीमा अध्यक्ष र सचिव निर्विरोध निर्वाचित हुँदा अन्य सबै पदाधिकारीमा चुनावी प्रतिस्पर्धा भएको थियो । अर्घाखाँचीमा एमाले महासचिव शंकर पोखरेल निकटका नेताहरुले उपाध्यक्ष विष्णु पौडेल पक्षका नेताहरुलाई क्लिनस्विप पारेको एमाले वृत्तमा चर्चा छ । एमाले केन्द्रीय सदस्य चेतनारायण आचर्य को पकड रहेको अर्घाखाँचीमा सबै उम्मेदवारहरु आचर्य पक्षका विजयी भएका छन् । नेता रामजी प्रसाद घिमिरेले उपाध्यक्षमा प्रेमनारायण गैरे, उपसचिवमा श्रीकृष्ण भुसाल, गिता भाटलाई उम्मेदवार बनाएको, तर खुलेर मत माग्न नसकेको जिल्ला तहका नेताहरुले आरोप लगाएका छन् ।

# बझाङमा कृत्रिम अभ्यास गर्दागर्दै डुबेर सशस्त्र प्रहरीका जवानको मृत्यु

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २८ जेठ

अरुलाई आकस्मिकरुपमा डुब्नबाट जोगिने उपाय सिकाउन सेती नदीमा पसेका सशस्त्र प्रहरीका एक जवानले ज्यान गुमाएका छन् । जिल्ला विपद् व्यवस्थापन समिति बझाङको आयोजना र विभिन्न संघसंस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा बाढी पहिरो र त्यसको क्षति न्यूनीकरणका लागि सेती नदीमा भएको कृत्रिम अभ्यासका क्रममा डुबेर सशस्त्र प्रहरीका जवानको मृत्यु भएको हो ।

सोमबार सेती नदीमा डुबेर बझाङको केदारस्युँ गाउँपालिका-७ का २९ वर्षीय सशस्त्र प्रहरी जवान नरेन्द्रसिंह धामीको मृत्यु भएको हो । सेतीमा डुबेपछि बेहोस अवस्थामा



उद्धार गरिएका उनको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ ।

जिल्लास्थित नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका अधिकारीसहित जवानले सेती नदीमा संयुक्त अभ्यास गरेर देखाइराखेका थिए ।

उक्त अभ्यास हेर्न जिल्ला समन्वय समिति प्रमुख नर बहादुर बोहरा, साइपाल गाउँपालिका अध्यक्ष मानबहादुर बोहरा, प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुइँकेल, जिल्लाका सुरक्षा निकायका सबैजना पुगेका थिए । अभ्यास देखाउन विद्यालय र क्याम्पसका विद्यार्थी पनि ल्याइएको थियो । अभ्यास स्थलमा विपद् पूर्वतयारीका सामग्रीहरुसहित सयौं मानिसहरु जम्मा भएका थिए ।

सोमबार बिहान साढे ९ बजे सेती नदीको भोपुर दरबार र चैनपुर साना शहरी खानेपानी आयोजनाको ट्यांकीनजिक भइरहेको उक्त अभ्यासको अन्तिमतिर डुबेर धामीको मृत्यु भएको हो । धामी विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त सशस्त्रका जवान थिए । तर तालिमप्राप्त उनै कसरी डुबे भन्ने खुलेको छैन । उनका श्रीमती र दुई छोरा छन् ।

# राष्ट्रिय सूचना आयोगले माग्यो गरुडा नगरपालिकासँग लिखित जवाफ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ जेठ

राष्ट्रिय सूचना आयोगले रौतहटको गरुडा नगरपालिकासँग लिखित जवाफ माग गरेको छ । गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० (२) बमोजिम लिखित जवाफ पेश गर्न आयोगले निर्देशन दिएको हो । गौर नगरपालिका-२ निवासी शैलेन्द्र झाले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ र ७ बमोजिम आ.व. २०७९/८० मा गरुडा नगरपालिकाको कार्यालय प्रयोजनका लागि खरिद सामग्री



र गैरसरकारी संस्थालाई दिएको कार्यक्रम र अनुदान सम्बन्धमा सूचना माग गरेका थिए ।

सूचना अधिकारीसँग फागुन ३० गते सूचना माग गर्दा सूचना नदिइ सूचनाको हकसम्बन्धी ऐनलाई बेवास्ता गरेकाले सूचना अधिकारीलाई कारबाही गरी सूचना दिन चैत १९ गते प्रमुख प्रशासकीय अधिकृत मो मुस्ताक आलमसँग सूचना माग गर्दासमेत सूचना नदिएको झाले बताएका छन् ।

राष्ट्रिय सूचना आयोगमा झाले पुनरावेदन गरेपछि आयोगले नगरपालिकालाई सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा २ बमोजिम लिखित जवाफ पेश गर्न भनेको हो ।

आयोगले वैशाख ६ गते लिखित जवाफ पेश गर्न आदेश दिए पनि गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत आलम अटेर गरेर बसेको बताइएको छ । सूचना नदिएको खण्डमा २५ हजार रुपैयाँसम्म जरिवाना हुने सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था छ ।

# गाउँपालिका अध्यक्ष र उपाध्यक्षसहित १४ जनाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहा नवराजपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष विश्वमोहनप्रसाद यादव, उपाध्यक्ष शोभाकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृतसहित १४ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।



मधेश प्रदेश सरकारको सांसद् अनुदानबाट रामजाकी दलित आधार भूत विद्यालय मझौरामा अधुरो काम पूरा गर्नका लागि दिएको रकमबाट कुनै पनि काम नगरी हिनामिना गरेको पाइएकाले उनीहरुविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले बताए ।

आयोगले तत्कालीन अध्यक्ष, उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कूसियत, लेखापाल सोमप्रसाद आचार्य, इन्जिनियर कृष्णा साह र सव-इन्जिनियर सन्तोषकुमार यादवविरुद्ध रु.१४ लाख ५१ हजार पाँच सय ५१ बराबरको बिगो दाबी गरेको छ ।

उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण मुखिया, कोषाध्यक्ष घुरनीदेवी मण्डल र सचिव रामभरोस मुखिया मलाहविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । आयोगले गाउँपालिकाका तत्कालीन योजना शाखा प्रमुख रमेशकुमार निधि, तत्कालीन जिन्सी प्रमुख सञ्जयप्रसाद यादव, वडा नं ४ का वडा तत्कालीन अध्यक्ष मदन यादव, वडा नं ५ का तत्कालीन अध्यक्ष मनोजकुमार यादव र वडा नं २ का तत्कालीन अध्यक्ष खुसीलाल साहविरुद्ध पनि समान बिगो, कैद र जरिवाना समेत माग गरी मुद्दा दायर गरेको छ ।

# राजापुरमा नदी व्यवस्थापन तालिम सञ्चालन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २८ जेठ

बर्दियाको राजापुरमा दिगो माछा मार्ने विधि, नदी अनुगमन तथा नदी खण्ड सह-व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

कर्णाली नदीमा ओत संरक्षणका लागि नदीमा आश्रित समुदायको जिविकोपार्जन तथा अभिभावकत्व सवलिकरण परियोजना अन्तर्गत सोनाह विकास समाजले तालिमको आयोजना गरेको हो ।

विश्व वन्यजन्तु कोष नेपालद्वारा नेपाल सरकारसँगको समन्वय र बेलायत सरकार अन्तर्गत दार्विन इनिसिएटिभको सहयोगमा, सोनाहा विकास समाज बर्दिया, डल्फिन संरक्षण केन्द्र कैलाली, मुक्त कमैया महिला विकास मञ्च कैलाली र साना स्तनधारी संरक्षण तथा खोज अनुसन्धान केन्द्र काठमाडौंद्वारा परियोजना सञ्चालित छ ।

कर्णाली नदी तथा नदीका माछामा आश्रित सोनाह तथा थारु समुदायलाई सवलिकरण गर्दै



आफ्नो नदी खण्ड सह-व्यवस्थापन गर्दै नदीमा हुने अवैध गतिविधि रोकी स्वच्छ र सफा कर्णाली नदी वनाउन सहयोग पुर्‍याउने उद्देश्यले तालिमको आयोजना गरिएको सोनाह विकास समाजका कार्यक्रम संयोजक रत्न के. सी.ले बताए ।

तालिममा कर्णाली नदीको तल्लो तटमा आश्रित समुदायको बस्ती अनुसार कैलालीको लम्किचुहा नगरपालिकाको बलचौरदेखि बर्दियाको राजापुर नगरपालिकाको वडा नं. ४ छेदियासम्म गठन गरिएका १५ वटा सामुदायिक नदी खण्ड व्यवस्थापन समुहहरुबाट ४५ जनाको सहभागिता रहेको छ ।

२ दिनसम्म चल्ने तालिममा नेपालको जलश्रोत र जलीय जीवहरुको सिंहवालोकन तथा आइयुसियनको आधारमा संरक्षण स्थिति, समुदायमा-आधारित नदी अनुगमन, समुदायमा आधारित नदी अनुगमनको तरिका र दस्तावेजीकरण, नदीखण्ड संरक्षणको लागि सह-व्यवस्थापन, समुदायको स्वामित्वमा आधारित नदीखण्ड संरक्षणको लागि सह-व्यवस्थापन-अभ्यासका प्रक्रियाहरु तथा दिगो रुपमा माछा समात्ने अभ्यासहरु, माछा समात्ने साधन तथा उपकरणहरुको चिनारीका बारेमा सहजीकरण गरिने आयोजकले बताएको छ ।

तालिमको सहजीकरण मत्स्य संरक्षण तथा मत्स्य खेती विज्ञ सुरेश कुमार वाग्लेले गरिरहेका छन् ।

# त्रिपरासुन्दरी नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २८ जेठ

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ । सोमबार नगरपालिकाको आयोजनामा नगरपालिकाको प्रशासकीय भवनमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो । कार्यक्रममा आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरिएको थियो ।

सार्वजनिक सुनुवाइमा नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधाको बारे जानकारी गराइएको थियो । यस्तै सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा प्रस्टता ल्याउन र नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गर्दै जिम्मेवार संस्कार, आम नागरिकको चासो सरोकार तथा विकास निर्माण योजना र समस्याको समाधान गरी सेवाग्राहीका रुपमा आएका सर्वसाधारणप्रति सेवा प्रदायक निकायबाट भए/गरेका क्रियाकलाप, उपभोक्ता समिति गठन प्रक्रिया, योजना सञ्चालन, पारदर्शिताको



स्थानीय निकायमा सार्वजनिक सुनुवाइ कार्यविधि बमोजिम नगरपालिकाभित्रका विषयगत शाखाहरुले आमसर्वसाधारणहरुमा जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनुवाइको आयोजना गरिएको हो । कार्यक्रममा नेपाली कांग्रेस डोल्पाका महासमिति सदस्य गौरीशंकर उपाध्यायले विधि प्रक्रिया पूरा गर्नको लागि मात्रै नगरपालिकाले सार्वजनिक सुनुवाइ गरेको आरोप लगाए । त्यस्तै नेकपा माओवादी केन्द्र डोल्पाका अध्यक्ष धर्मजित बोहोराले नगरपालिका योजना विकाशमा गम्भीर हुन आवश्यक रहेको भन्दै सेवाग्राहीलाई मुस्कानसहितको सेवा दिन आवश्यक रहेको बताए ।

सबै सरोकारवाला निकाय जनताप्रति जवाफदेही रही सञ्चारकर्मीले समेत आफ्नो काम, कर्तव्य प्रति निष्ठावान रूपले जिम्मेवारी पूरा गर्नुपर्ने आवश्यक रहेको नागरिक समाज डोल्पाका अध्यक्ष शेर बहादुर बुढाले बताए ।

सार्वजिक सुनुवाइमा नागरिकको उपस्थिति कम हुनु चिन्ताको विषय रही आगामी दिनमा कार्यक्रम स्थानीयको घर दैलोमा गर्न आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी तुलसी प्रसाद दाहालले बताए ।

उता जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्याम रोकायले वर्षमा एक पटक मात्र नभइ ३ पटकसम्म सार्वजनिक सुनुवाइ गरी जनतालाई पारदर्शी गराउनुपर्नेमा जोड दिए । नगर प्रमुख जनचन्द्र रोकायले आफु नगरप्रमुखमा निर्वाचित भएदेखि नै नगरपालिकाको समृद्धि र विकासका लागि अहोरात्र खटिरहेको बताए । उनले भने'नगरपालिकाको समग्र विकासमा आफु लगायत सम्पूर्ण जनप्रतिनिधि कर्मचारीको काँधमा मात्र नभइ राजनीतिक दल, पत्रकार,सरोकारवाला निकाय सबैको साथ सहयोग आवश्यक छ ।' त्यस्तै नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत हिराचन्द्र धरलाले सुनुवाइका क्रममा उठेका सवालको जवाफ दिँदै नगरपालिकाको समृद्धिका लागि सबैले हातेमालो गर्नुपर्ने बताए ।

# प्लास्टिक प्रदूषण नियन्त्रण गर्न फेसन कार्यक्रम सम्पन्न

**वीरगञ्ज/मस**– 'भू-बहाली, मरुभूमिकरण र खडेरी प्रतिरोध' विषय केन्द्रित रहेर 'हाम्रो भूमि, हाम्रो भविष्य' नाराका साथ संयुक्त राष्ट्र वातावरण कार्यक्रमको विषय अनुरूप प्लास्टिक प्रदूषणमा केन्द्रित 'ट्रासनिस्टा' अर्थात् फोहोरबाट फेसन नामक कार्यक्रम सम्पन्न भएको छ ।

विश्व वातावरण दिवस २०२४ को अवसर पारेर लिभिङ विथ इन्भायरमेन्ट (वातावरणः जिउने आधार)ले सोमबार वीरगञ्जमा उक्त कार्यक्रम सम्पन्न गरेको हो ।



मधेश विश्व विद्यालयका उपकुलपति डा. दीपक शाक्यले कार्यक्रमको उद्घाटन गरेका थिए ।

क्रममा उपकुलपति डा.शाक्यले वातावरणीय सचेतनाका लागि लिभिङ विथ इन्भायरमेन्ट (वातावरणः जिउने आधार)ले गर्दै आएको कार्यक्रमको प्रशंसा गर्दै वातावारणीय संरक्षणमा सबै पक्षको सक्रिय सहभागिता अनिवार्य हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरूले प्लास्टिक, कागज र पुरानो कपडा प्रयोग गरी नयाँ लुगाहरू बनाएर आफैं लगाएर प्रस्तुत गरेका थिए । २० भन्दा बढी विद्यालयलाई सहभागिताको लागि आमन्त्रण गरियता पनि तीन वटा विद्यालय रोयल एकेडेमी, अल्पाइन स्कुल र सालोम स्कुलका विद्यार्थीहरु मात्र सहभागी भएका थिए ।

संस्थाले छिट्टै 'इको च्याम्प' नामक नयाँ परियोजना शुरु गर्ने संस्थाका केन्द्रीय अध्यक्ष आकाश चौहानले बताए । जसमार्फत विद्यार्थीले वातावरण र फिल्ड कामकाबारेमा थप जानकारी लिनेछन् । उनले यस परियोजनाले विद्यार्थीको नेतृत्व क्षमता अभिवृद्धि गर्ने, विविध व्यक्तित्वसँग सम्बन्ध निर्माण गर्ने र विज्ञहरुबाट सिक्ने अवसर प्रदान गर्ने बताए ।

उनले संस्थाले १२ जून २०२४ देखि २५ जूनसम्म सदस्यता खोलेको जानकारी दिए । सदस्यका लागि कक्षा ८ देखि १२ सम्मका विद्यार्थी र स्नातक तहका विद्यार्थीले फारम भर्न सक्नेछन् । उक्त फारम 'लिभिङ विथ एन्वायरमेन्ट' संस्थाको आधिकारिक फेसबुक पेजमा उपलब्ध रहेको संस्थाले जनाएको छ ।

**सत्तारुढलाई...**

सांसद देवकोटा भने प्रदेश सभा जोगाउन र मध्यावधि टार्न मुख्यमन्त्रीलाई विश्वासको मत दिएको बताउँछन् ।

सञ्चारकर्मीहरूसँग कुरा गर्दै देवकोटाले १५/१६ महिनामै चार पटकसम्म सरकार फेरबदल भएपछि गण्डकी प्रदेश सभा रहने कि नरहने भन्ने चुनौती आफूले देखेको बताए ।

'पछिल्लो चरण हामी माननीयलाई थाहा नै नदिइ संख्या गणना गरेर सरकार फेरबदल हुनेतिर गयो । त्यसपछाडि गम्भीर शंका लाग्यो, गण्डकी प्रदेश बर्बादीतिर जाँदैछ ।'

त्यसका बाबजुद आफूले तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीलाई विश्वासको मत दिएको भए पनि सरकार नजोगिएको उनले बताए । उनले भने त्यसका लागि राप्रपा आउनुपर्‍यो, आएन ।'

तर अहिले निर्णायक रहेका पार्टीहरूले पनि साथ दिएको बेला आफूले मत दिँदा सरकारसँगै प्रदेश सभा जोगिने देखेको उनले बताए । उनी भन्छन्, 'गण्डकी प्रदेश सभा बचाउनु मेरो दायित्व सम्झेर मैले पार्टीी केन्द्र र प्रदेशको निर्णय मुताविक मत दिएको हुँ ।'

**उपभोक्तालाई...**

त्यसपछि असोजमा ७ दशमलव ५० मा कायम रहेको थियो । त्यसपछि बजारको औसत महंगी निरन्तर घटेको तथ्यांक छ । नेपाल राष्ट्र बैंकले हरेक महिना निकाल्ने सर्वेक्षण प्रतिवेदनअनुसार कात्तिकमा ५ दशमलव ३८, मंसिरमा ४ दशमलव ९५, पुषमा ५ दशमलव २६, माघमा ५ दशमलव ०१, फागुनमा ४ दशमलव ८२ र नवौं महिना चैतमा आइपुग्दा ४ दशमलव ६१ मा औसत मुद्रास्फीति कायम भएको थियो ।

गत आर्थिक वर्ष २०७९/८० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत कायम थियो । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा यस्तो मुद्रास्फीति ६.३२ प्रतिशत थियो भने आव २०७७/०७८ वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.६० प्रतिशतमा कायम थियो ।

**मुद्रास्फीति मापन विधि**

उपभोक्ताको खर्च गर्ने प्रवृत्तिमा हुने परिवर्तनलाई समावेश गर्न राष्ट्र बैंकले प्रत्येक १०/१० बर्षमा पारिवारिक बजेट सर्वेक्षण गरी उपभोक्ताको आम्दानी र खर्चको यथार्थ संरचनाका आधारमा परिवर्तन गर्दै आएको छ । उक्त सर्वेक्षणअनुसार कुनै पनि घरपरिवारले किन्ने वस्तु तथा सेवाको छनौट गरिन्छ । छनोटमा गरेका बस्तु तथा सेवाका आधारमा उपभोक्ता मूल्य सूचकांक गणनाका लागि प्रतिनिधिमूलक बजार केन्द्र तोकिन्छन् । ती निर्धारित बजार केन्द्रबाट मूल्य संकलन गरिन्छ । सोही आधारमा मुद्रास्फीति निकालिन्छ ।

अहिले राष्ट्र बैंकले र २९ वटा ग्रामीण तथा ३१ वटा सहरी गरी ६० बजार केन्द्र तोकेको छ भने ४ सय ९६ वटा वस्तु तथा सेवालाई मूल्यांकन गर्ने गरेको छ । उक्त सर्वेक्षणले छनोट गरेका वस्तुमा १ सय ६२ वटा खाद्यवस्तु, १४ वटा पेय पदार्थ र ३ सय २० वटा गैरखाद्यवस्तु राखिएका छन् । राष्ट्र बैंकका अनुसार छनौटमा परेका बजार केन्द्रहरूबाट साप्ताहिक, मासिक तथा त्रैमासिक रूपमा वस्तु तथा सेवाहरुको मूल्य संकलन गर्ने गरिन्छ । यसरी मूल्य संकलनका लागि राष्ट्र बैंकले केही शिक्षकलाई जिम्मा दिएको छ ।

**Narayani Secondary School**
**Maiwakhola Rural Municipality-3**
Sanghu, Taplejung
Koshi Province

**सच्याइएको सूचना**

**Date of publication: 2081/02/29**

यस विद्यालयको मिति २०८१/०२/२७ गते यस दैनिकमा प्रकाशित ठेक्का नं. NSS/NCB/WORKS/2080/081-01 को Bid Security Amount (Rs) मा NRs. 250,000/- (Two Lakh Fifty Thousand) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ ।

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**शहरी विकास तथा भवन कार्यालय**
**वाग्मती प्रदेश, काठमाडौं**

**प्रस्ताव स्वीकृतिको आशय पत्र**

**प्रकाशित मिति : २०८१/०२/२९**

www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम बोलपत्र आव्हान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई छनौट भएकोले उक्त बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| Contract Identification No | Description of Works | Name and Address of Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount Nrs (Including VAT, and PS ) |
|---|---|---|---|
| UDBO/KTM/ WORKS/ NCB/40-080/081 | Conservation and Development of Khadi Gherawar, bhorletar, kageshwari Manohara-2, kathmandu | M/S. Shreekhandapur Nirman Sewa Pvt. Ltd., Chaurideurali 8 | 1,68,03,334.62 |

**कार्यालय प्रमुख**

## सुदूरपश्चिम प्रदेश सरकार विस्तार

# मुख्यमन्त्री सोडारीले गरे ७ मन्त्री नियुक्त

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २८ जेठ

दुई महिना लामो समयपछि सुदूरपचिम प्रदेश सरकार विस्तार भएको छ। सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घ बहादुर सोडारीले ११ सदस्यीय मन्त्रीमण्डल बनाएका छन्। वैशाख ६ गते मुख्यमन्त्री नियुक्त भएका सोडारीले करिब दुई महिना पुग्नै लाग्दा मन्त्रिपरिषदलाई पूर्णता दिन लागेका हुन्। सोडारीले थप ७ जना मन्त्रीले पद तथा गोपनियताको सपथ लिएका छन्। मुख्यमन्त्रीको सचिवालयका अनुसार एमालेका सुरेन्द्र बहादुर पाललाई आर्थिक मामिला, माओवादी केन्द्रका ओमविक्रम भाटलाई सामाजिक विकास मन्त्री र आन्तरिक मामिला तथा कानून मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण आफैँसँग राखेका छन्।

यस्तै, एमालेका बीर बहादुर थापा, हिरा सार्की, माओवादी केन्द्रका अक्कल बहादुर रावल, लक्ष्मी वि.क र एकीकृत समाजवादीकी माया पन्तलाई बिना विभागीय मन्त्रीमा नियुक्तिका लागि प्रदेश प्रमुख नजिर मियाँ समक्ष सिफारिस गरेका हुन्। प्रदेश प्रमुखको कार्यालयले समेत मुख्यमन्त्री सोडारीले मन्त्रिपरिषद् विस्तार गर्दै मन्त्रीहरुको नाम सिफारिस साथै नवनियुक्त मन्त्रीहरुको पद तथा गोपनियता सपत लिएका छन्।

मुख्यमन्त्री सोडारीले मन्त्रालय विभाजन गरेर मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका थिए। तर सत्तारुढ दलभित्रै मन्त्रालय विभाजन गर्न नहुने, गरेपनि आवश्यक गृहकार्य गरेर गर्नुपर्ने दबाब बढेपछि उनी रोकिएका हुन्। सोडारीले यसअघि नागरिक उन्मुक्ति पार्टीका कैलाश चौधरीलाई भौतिक पूर्वाधार विकास र टीका थापालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री नियुक्त गरेका थिए। स्वतन्त्र सांसद डा.तारा जोशीले भने लिएका छैनन्। उनलाई उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय दिने सहमति भएको मुख्यमन्त्रीको सचिवालयले जानकारी दिएको थियो।



### स्वतन्त्र सांसदले गरे मन्त्री पद अस्वीकार

सुदूरपश्चिम प्रदेशका स्वतन्त्र प्रदेशसभा सदस्य डा.ताराप्रसाद जोशीले मन्त्री पद अस्वीकार गरेका छन्। मुख्यमन्त्री सोडारीले जोशीलाई उद्योग पर्यटन वन तथा वातावरण मन्त्री नियुक्त गरेका थिए। जोशीसहित एमालेका ३, माओवादीका ३ र एकीकृत समाजवादीका एक गरी ८ जनालाई मन्त्री नियुक्त गरेको पत्र प्रदेश प्रमुखको कार्यालयमा पठाएका थिए। तर, जोशीले उक्त मन्त्रालयको जिम्मेवारी नलिने बताएपछि मुख्यमन्त्रीले मन्त्रीहरूको नयाँ सूची प्रदेश प्रमुखको कार्यालयमा पठाएका छन्।

### माओवादीका ५ सांसदद्वारा मन्त्री नियुक्ति रोक्न माग

नेकपा माओवादी केन्द्र सुदूरपश्चिमका पाँच जना सांसदले मन्त्री नियुक्ति रोक्न माग गर्दै मुख्यमन्त्रीलाई पत्र बुझाएका छन्।

खगराज भट्ट, झपटबहादुर रावल, शिवसिंह ओली, रमेशसिंह धामी र जानकी कुँवर पौडेलले मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई पत्र बुझाएका हुन्। माओवादी केन्द्र प्रदेश संसदीय दलका नेता मानबहादुर धामीले मन्त्रीका लागि अक्कलबहादुर रावल, ओमबिक्रम भाट र लक्ष्मी वि.क को नाम मुख्यमन्त्रीलाई बुझाएका छन्।

तर तत्कालीन दल नेता खगराज भट्टसहितका नेताले ती नाममा आपत्ति जनाउँदै मुख्यमन्त्रीलाई पत्र बुझाएका हुन्। पत्रमा संसदीय दल र पार्टीमा छलफल नगरी दलको नेताले आफूखुसी नाम पेस गरेको भन्दै यी नाममा असहमति रहेको र नियुक्ती प्रक्रिया अगाडि नबढाउन अनुरोध गरिएको छ। यसअघि माओवादी केन्द्रका बहुमत प्रदेश सभा सदस्यले दलको नेताबाट भट्टलाई हटाउँदै मानबहादुर धामीलाई दलको नेता बनाएका थिए। पूर्व मन्त्री समेत रहेका प्रदेशसभा सदस्य रमेश सिंह धामीले दलको बैठकबाट भागेर मन्त्रीको नाम सिफारिश गरिएपछि मन्त्री नियुक्त नगर्न माग गरिएको बताए। दलको बैठक स्थगित गरेर बाहिरबाट नाम पठाउनु संसदीय दलको विधि पद्धती विपरित भएको भन्दै उनले आपत्ति जनाएका हुन्। मुख्यमन्त्रीलाई मन्त्री नियुक्ती नगर्न माग गरिएको बताउँदै धामीले यिनै मन्त्री नियुक्ती भए सरकार नरहने दाबी गरे।

---

## क्षमायाचना

मिति २०८१/०२/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित Langtang Overseas Pvt. ltd. को साइप्रसमा रोजगार शिर्षकमा प्रकाशित विज्ञापनमा यस कार्यालयको सम्पर्क नम्बर 01-4971229, 01-5903078, 01-5903079 हुनुपर्नेमा भुलबस छुट्न गएकोले यसै सूचनाद्वारा सबैमा जानकारी गराउछौं। साथै यसबाट पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं।

**स.**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०५/०४ मा दर्ता भएको **प्रा.लि.नं. २६८९५१** को **लर्ड स्वयम्भू राइस मिल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

## प्रशिक्षक आवश्यकता

यस कम्पनीको लागि निम्न पदमा ट्रेनिङ दिनुसक्ने Trainer को आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

1. Insulater
2. Sheet Metal Fitters

Gulf Country तथा Oil & Gas सम्बन्धी अनुभव भएको अनुभवीहरुलाई विशेष प्राथमिकता दिइनेछ।

Tel : 01- 4516930 | 4515239
Whatsapp : 9803868176

तलब: आपसी समझदारीमा तय हुनेछ।

**Miracle Employment Service (P.) Ltd**
Kathmandu, Nepal
Email: miracleemployment1@gmail.com

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

Manager : 2 (Male/Female)
PRO : 2 (Male/Female)
Documentation: 2 (Male/Female)
Receptionist : 2 (Female)

Salary Negotiable

**Requirements:**
Minimum 3 Years experienced in the related fields.

**Prakash Human Resource Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201
Mobile No: 9851315910
E-mail: info@prarkashhumanresource.com Website: www.prakashhumanresource.com
श्रम इजाजत नं. १६५०/०८०/०८१

---

## युएईमा रोजगारको अवसर

कम्पनी: INTERNATIONAL RUBBER CO. (L.L.C)
शहर: UAE

पुर्व स्वीकृत मिति: २०८१/०२/२७ | चलानी नं.: ६०२२०८१७ | L.T. No.: 306077

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार ४ गते (18 June 2024) हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Sinamangal-9,kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4566771, 4566772, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

---

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कोशी प्रदेश**
**विराटनगर, मोरङ्ग**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१-०२-२९)

यस कार्यालयबाट मिति २०८१-०१-०९ गतेको मध्यान्ह दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. न. | विवरण | छनौट गरिएको बोलपत्रदाताहरु | कबोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Jay Nepal Marg Banke Bihari Mandir Road, Biratnagar-8, Morang (Contract No : IDO/MOR/SQ/RW-242/080-81) | M/S Shoshila Nirman Sewa, Rauthat | 18,22,696.98 |
| 2 | Upgrading of Jay Nagar Marg, Sundarharaicha-8, Morang (Contract No : IDO/MOR/SQ/RW-243/080-81) | M/S Prakriti and Pratima Construction, Morang | 12,14,818.12 |
| 3 | Construction of Mainali Tole Bata Paki Sadak Nala Sahit, Biratnagar-14. Morang (Contract No : IDO/MOR/NCB/RW-244/080-81) | M/S K.L.Nirman Sewa, Morang | 14,96,639.23 |
| 4 | Upgrading of Debjung Bata Dakshin Chimeki Line Hudai Rabi Chowk Sama Sadak, PathariSanischare-3, Morang (Contract No : IDO/MOR/SQ/RW-246/080-81) | M/S Hiwa Nirman Sewa, Morang | 11,84,955.05 |
| 5 | Upgrading of Ganesh Mandir Dekhi Khanepani Tank Sama Sadak, Biratnagar, Morang (Contract No : IDO/MOR/SQ/RW/RE-239/080-81) | M/S Siyaram Construction and Suppliers, Saptari | 1760285.45 |

---

**हिलिहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पञ्चमी, पाँचथर**

### दरभाउपत्र आव्हानको सूचना

**(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०२/२९ गते)**

हिलिहाङ गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको खरिद कार्य गर्नू पर्ने भएकाले नेपाल सरकार बाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक फर्मवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक दरभाउपत्र आव्हान गरिएको छ।

१. दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्महरु आ.व. २०८०/०८१ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ताको प्रमाण पत्र र फर्म सम्बन्धी अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatragov.np/egp बाट दरभाउपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ।

२. दरभाउपत्र साथ जमानत बापतको रकम हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर 26351182240015 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट ७५ दिनसम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ। दरभाउपत्र खरिदको लागि हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA–1–1 ANTARIK RAJASWO नामको खाता नम्बर 26351182240171 मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ।

३. खरिद गरिएको दरभाउपत्रको हकमा यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १६ औ दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम दरभाउपत्र अन्तिम दिनको तोकिएको समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेभसाइट www.bolpatragov.np/egp बाट भर्न सकिने छ। विस्तृत विवरण टेण्डर फारमसँग संग्लन छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/SQ/ GOODS/080/081/04 | Procurement of Goods for Animal Husbandry Training | 14,15,929.20 | 40,000.00 | 1000.00 | 26-06-2024 (A.D) | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## SAUDI मा रोजगारको अवसर

कम्पनी : PATTERN SPIDER COMPANY FOR MAINTENANCE AND CLEANING
शहर: DAMMAM

पुर्व स्वीकृत मिति: २०८१/०२/२७ | चलानी नं.: ६०२२०८८९ | LT. No.: 306187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Facade Cleaner | 2 | 0 | स. काममा दक्ष | 1400 | ४९,६८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ४ गते (18 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**दि गोर्खा रि-इम्प्लाईमेन्ट प्रा. लि.**
बसुन्धारा तिलिङटार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल
श्रम इजाजत पत्र नं. ०५७।०५१।०५२
E-mail: tgurkha2019@gmail.com, फोन: ०१-५९०३०५३, ५९०३०५५
"COMPLETE MANPOWER SOLUTIONS"

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINK ESTABLISHMENT FOR DELIVERY OF ORDERS CONSUMERISM
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०८१/०२/२८ | चलानी नं.: ६०२२०९२४ | L.T. No.: 306254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 40 | 0 | स. काममा दक्ष | 135 | ५८,५९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असार ४ गते (18 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**R.B. OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com
ISO 9001:2015

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ जेठ २०८१, मंगलबार
11 June 2024, Tuesday

## सम्पादकीय

# विकृत राजनीतिको विम्ब

जसरी पनि सत्ता हत्याउने एकमात्र उद्देश्य सहित दलहरूले आफ्नो गतिविधि केन्द्रीत गर्दा सोमबार गण्डकी प्रदेशसभामा अराजनीतिक दृष्यहरू देखिए । खासगरी नेपाल समाजवादी पार्टीका सांसद फणिन्द्र देवकोटा र स्वतन्त्र सांसद् दीपक मनाङेले लिएको निर्णय नेपालको संसदीय इतिहासमा बिर्सनलायक रहे । देवकोटाले माओवादी केन्द्रले लगाएको ह्वीप तोडेर मुख्यमन्त्रीमा सुरेन्द्रराज पाण्डेलाई विश्वासको मत दिएका थिए । माओवादी केन्द्रको चुनाव चिन्हबाट सांसद जितेका देवकोटालाई संविधानले माओवादी संसदीय दलकै निर्णय मान्न बाध्य तुल्याउँथ्यो । तर उनले त्यसो गरेनन् । प्रदेशसभा जोगाउन र मध्यावधिको संभावना टार्न फ्लोर क्रस गरेको प्रष्टोक्ति देवकोटाले दिएका छन् । देवकोटासँगै स्वतन्त्र सांसद मनाङेले समेत समीकरण फेरेर विश्वासको मत दिए । देवकोटा र मनाङेले अप्रत्यासित मत दिएपछि नेपाली कांग्रेसका नेता पाण्डेले मुख्यमन्त्रीमा बहुमत पाएका छन् ।

पाण्डेले मुख्यमन्त्रीमा विश्वासको मत पाएकाले गण्डकी सरकारको अन्योलता समेत हटेको छ । किनकि २०७९ मंसिरको चुनावपछि चार वटा सरकार गण्डकीमा फेरिसकेको छ । फेरि पाण्डेले विश्वासको मत नपाए अर्को सरकारको खोजी हुने थियो । तसर्थ विश्वासको मत पाउनु आफैमा सकारात्मक कुरा हो । तर सकारात्मक परिणाम निस्किरहँदा पनि प्रक्रियाप्रति भने आपत्ति जनाउनुपर्ने हुन्छ । किनभने फ्लोर क्रसले संसदीय गरिमा बढाउदैन । अर्कातिर मनाङे राजनीतिक अस्थिरताको मानक नै बन्न पुगेका छन् । विवादित पृष्ठभूमिका मनाङे लगातार सत्ता समीकरण फेर्दै मन्त्री बनिरहेका छन् । गत वर्ष सत्ता समीकरण फेरिदा मन्त्री बन्न थालेका उनको एउटै उद्देश्य छ, सत्ता ।

तर पुराना दलहरू कांग्रेस र नेकपा एमाले जस्ता दलले समेत सत्ता प्राप्तिलाई अन्तिम उद्देश्य बनाइरहँदा त्यसको लाभ मनाङेलाई प्राप्त भइरहेको छ । मनमौजी बोल्ने र मन्त्री पाए गठबन्धन बदलिहाल्ने उनको स्वभाव देखिन्छ । तिनै मनाङेलाई दलहरूले सधैं फर्कारहनुपर्ने परि स्थिति सत्ता केन्द्रीत राजनीतिकै कारण उत्पन्न हुँदै आएको छ । यस्तो प्रवृत्तिले स्थायित्व, इमान र विश्वास भने संकटमा पर्दै आएको छ । सत्ताका निम्ति नेताहरूले जस्तासुकै कदम उठाउन सक्छन् भन्ने सन्देश आमनागरिकमा गएको छ । अझ गण्डकीमा फ्लोर क्रस गर्ने देवकोटा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईका कार्यकर्ता हुन् । यसले फ्लोर क्रस गर्ने निर्णय भट्टराईले लिएको बुझ्न गाह्रो पर्दैन । तर फ्लोर क्रसको राजनीतिले मुलुक र संसदीय प्रणालीलाई कहाँ पुऱ्याउला ? यसबारे गम्भीर हुन आवश्यक छ ।

# खाद्य स्वच्छताको सवाल

*खाना खानको लागि सुरक्षित छैन भने उपभोग गर्नु हुँदैन । किनकी यसले मानव स्वास्थ्यमा प्रतिकुल असर गर्दछ । खाना विषाक्त भएमा यसले अधिक गम्भीर स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । विषाक्त खाना सेवन गर्नेको मृत्युसम्म हुन सक्छ ।*

अग्रलेख



● ललितकुमार यादव



सन् २०१८ डिसेम्बर २० तारिखका दिन संयुक्त राष्ट्रसंघको महासभाले जुन ७ तारिखलाई विश्व खाद्य स्वच्छता दिवस मनाउने निर्णय गरेको थियो । सन् २०१९ देखि हरेक वर्ष ७ जुनका दिन विश्वभरि विविध कार्यक्रमका साथ विश्व खाद्य स्वच्छता दिवस मनाइँदै आएको छ । विश्व खाद्य स्वच्छता दिवसको सन्दर्भ पारेर नेपालमा पनि खाद्य स्वच्छता सप्ताह मनाइन्छ । प्रत्येक वर्ष जस्तै यस वर्ष पनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको नेतृत्वमा जेष्ठ १९ देखि २५ गतेसम्म सप्ताहव्यापी कार्यक्रम गरिएको छ । खाद्य स्वच्छताको महत्वलाई आम जनमानसमा पुऱ्याउन विभागले १६ वर्ष अघि वि.सं. २०६५ देखि खाद्य स्वच्छता दिवसको अभियान सुरु गरेको थियो । यस वर्षको नारा "खाद्य स्वच्छतामा लगानी बढाऔं, अप्रत्याशित अवस्थाको पूर्वतयारी गरौं" रहेको थियो ।

विश्व स्वास्थ्य संगठनको सन् २०२२ को तथ्यांकअनुसार विश्वमा हरेक वर्ष प्रत्येक १० मध्ये एकजना व्यक्ति दूषित खाद्य पदार्थको उपभोगका कारण बिरामी हुने गरेको छ । त्यस्तै चार लाख २० हजार मानिसको मृत्यु हुने गर्दछ । कीटनाशक विषादीको अवशेष, भेटनरी ड्रगको अवशेष, ढुसीजन्य विष, हेभी मेटललगायतका हानिकारक तत्वहरूको उपस्थिति एवम् रोगजन्य सुक्ष्म जीवाणुहरूको संक्रमणका कारण खाद्य पदार्थ दूषित हुने गर्दछ । दूषित खाद्य पदार्थको सेवनले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पार्दछ । मानिस बिरामी भई मानवीय क्षतिसमेत हुन सक्ने जोखिम रहन्छ । यस्तो जोखिम न्यूनीकरणका लागि खाद्य श्रृखंलाको प्रारम्भिक उत्पादनदेखि प्रशोधन, सञ्चय ढुवानी, बिक्री वितरण र उपभोगसम्मको प्रत्येक चरणमा स्वच्छता कायम गर्न सक्नुपर्दछ । यी प्रत्येक चरणमा संलग्न सबै सरोकारवालाको अहम् भूमिका रहन्छ । खेतदेखि थालीसम्म, गोठदेखि ओठसम्म खाद्य पदार्थमा स्वच्छता कायम गर्नुपर्दछ ।

नेपालको संविधानले मौलिक हकअन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने उपभोक्ताको हकको व्यवस्था गरेको छ । त्यस्तै, मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य पदार्थको स्वच्छता, गुणस्तर निर्धारण गर्न "खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१" जारी गरेको छ । संविधानले खाद्यसम्बन्धी हक र खाद्य सम्प्रभुताको हक सुनिश्चित गरेको छ । तर, यी व्यवस्था कार्यान्वयनको पक्ष भने निकै फितलो रहेको छ । बजारमा पाइने प्रायः सबैजसो खाद्य वस्तुमा अखाद्य वस्तुको मिसावट भएको पाइन्छ । मानव स्वास्थ्यलाई गम्भीर हानि पुऱ्याउने रसायन तथा रंगको मिसावट समेत रहेको पाइन्छ ।

सरकारले विभिन्न खाद्य पदार्थहरूको मापदण्ड र स्वच्छतासम्बन्धी मापदण्ड तयार गरी लागू गरेको छ । खाद्य वस्तुमा हुने मिसावट तथा कैफियत रोकथामको लागि सरकारले जिम्मेवार निकायको व्यवस्था गरेको छ । तर, ती निकायहरूले प्रभावकारी नियमन र अनुगमन भने गर्न सकेका छैनन् । रोकथामको प्रयास गरेको दाबी गरे पनि अखाद्य वस्तुको मिसावट भएको खाद्यवस्तु बजारमा छ्यापछ्याप्ती पाइन्छ । अखाद्य तथा गुणस्तरहीन खाद्य वस्तुको उपभोगले नागरिकको स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको छ । स्वास्थ्यका दृष्टिकोणले उपयोगी मानेर उपभोक्ताले खाने गरेका फलफूल, दूध, दही र हरियो सागसब्जी शुद्ध, स्वच्छ र गुणस्तरीय छ भन्नेमै शंका छ । यी खाद्यवस्तुको गुणस्तर कायम हुन नसक्दा उपभोक्ताको स्वास्थ्यमा उल्टै प्रतिकूल असर पुऱ्याइरहेको छ । बजारमा विषाक्त फलफूल र तरकारी सजिलै बिक्री हुने गरेको छ । यसमा नियन्त्रण हुन सकेको छैन । आयातित तथा बजारमा उपलब्ध खाद्यवस्तुको गुणस्तर, स्वच्छता र शुद्धताको मापन हुन सकेको छैन ।

सुगम र सहरी बजारमा विषाक्त तथा मिसावट भएको खाद्यवस्तु बिक्री वितरण हुने गरेको छ भने दुर्गम र ग्रामीण बजारमा म्याद गुज्रेका तयारी खाद्यवस्तुको समेत बिक्री वितरण हुने गरेको छ । बजार अनुगमन तथा नियमन नियमित नभएका कारण उपभोक्ताहरू गुणस्तरहीन र अखाद्य वस्तु उपभोग गर्न बाध्य छन् । यसरी आम उपभोक्ताहरूले चर्को मूल्य खर्चेर मन्द विषको सेवन गर्न बाध्य छन् । यसले आम उपभोक्ताको स्वास्थ्यका साथै, आर्थिक अवस्था समेत कमजोर पारेको छ । मन्द गतिमा व्यक्तिको ज्यानदेखि जायजेथा समेत रित्याउने काम गरेको छ ।

नेपालको संविधान २०७२ को धारा ४४ (२) मा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने भनिएको छ । दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा पाँच वर्ष कैद वा पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजयको व्यवस्था खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा छ ।

खाद्य स्वच्छता कायम गर्ने तथा उपभोक्ताको संरक्षण गर्ने दायित्व सरकारको हो । संविधानले स्थानीय बजार व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई दिएको छ । तर, अहिलेसम्म धेरैजसो स्थानीय सरकारले यसको अभ्यास गर्न सकेको देखिँदैन । मौलिक हकको कार्यान्वयन गर्ने दायित्व राज्यको हो । तर, बजारमा व्यवसायिक गतिविधि वैद्य र स्वच्छ हुन सकेको छैन् । उपभोक्ताहरू खाद्य वस्तुको गुणस्तरमा ठगिने क्रम रोकिएको छैन् ।

खाद्य स्वच्छता जसलाई खाद्य सुरक्षा पनि भनिन्छ । खाद्य सुरक्षाका लागि खाद्य स्वच्छता अनिवार्य तत्व हो । व्यक्तिले पर्याप्त खाना खान पाएका छन्, तर ती खानाले व्यक्तिको स्वास्थ्यमा प्रतिकुल असर पारेको छ भने त्यस्तो अवस्थालाई खाद्य सुरक्षाको अवस्था भन्न सकिँदैन । खाना मानव उद्योगको लागि सुरक्षित छ भने मात्रै खाद्य सुरक्षाको ग्यारेन्टी हुन्छ । स्वच्छ खाद्य पदार्थ स्वस्थ मानव जीवनका लागि अपरिहार्य छ । आम उपभोक्ताको पहुँचमा रहेका सम्पूर्ण खाद्य पदार्थ स्वच्छ छ भने मात्र खाद्य सुरक्षा प्राप्त हुन्छ ।

खाद्य स्वच्छताले उपभोक्ताहरूलाई खाद्यजन्य रोगहरूबाट बिरामी हुने जोखिमबाट बचाउँछ । खाद्य सुरक्षाका सिद्धान्तहरूको उद्देश्य खानालाई दूषित हुन नदिई विषाक्त हुनबाट जोगाउनु हो । खाद्य स्वच्छताले खाना मानव उपभोग्यका लागि सुरक्षित छ भने ग्यारेन्टी गर्दछ । खाना खानको लागि सुरक्षित छैन भने उपभोग गर्नु हुँदैन । किनकी यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पार्दछ । खाना विषाक्त भएमा यसले अधिक गम्भीर स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । विषाक्त खाना सेवन गर्नेको मृत्युसम्म हुन सक्छ । खाद्य स्वच्छता खासगरी साना बच्चाहरू, गर्भवती आमाहरू, बुजुर्ग र रोगप्रतिरोधक क्षमता कमजोर भएका व्यक्तिहरूका लागि झनै महत्वपूर्ण छ । खाद्य स्वच्छता मानवको दैनिक स्वास्थ्य सँग जोडिएको विषय हो । यसले मानव स्वास्थ्यलाई बलियो बनाउन अहम् भूमिका निर्वाह गर्दछ ।

